CIVIC ACTION TEAMS

# GOV-HER-NANCE

“Gov-her-nance” महिलाको भुमिका, स्थानीय विकास र खुला सरकार सम्बन्धी विद्यमान समस्याको समाधान गर्ने हेतुले नयाँ आवाजलाई स्थान दिने एक पृथक अवधारण हो । न्यख(जभच(लबलअभ बुलेटिनले नेपाल भरिका विभिन्न समुदायबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । हामी यस बुलेटिनको माध्यमबाट महिला तथा लैंगिक अल्पसंख्यकका मुद्दालाई बाहिर ल्याएर धनगढी उप-महानरवासी र उप-महानरपालिका बिचको सूचनाको दुरी कम गरी लैंगिक मैत्री उप-महानरको अवधारणलाई साकार पार्ने लक्ष राख्दछौं ।



दलित समुदायका महिलाहरु परमपरागत सुकुल बुन्दै

*तस्वीर : रेवती एसके*

## धनगढी उप-महानगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा छुट्याईएको बजेट तथा कार्यक्रम

धनगढी उप-महानगरपालिकाले आर्थिक वर्ष २०७७/७८ को बजेटलाई पाँच छुट्टा छुट्टै शिर्षकमा विभाजन गरेको छ । जस अनुसार: (१) संस्थागत विकास, सेवा प्रवाह र सुशासन, (२) पूर्वाधार विकास, (३) सामाजिक विकास, (४) आर्थिक विकास र (५) वातावरण तथा विपद व्यवस्थापन रहेकाछन् । यस मध्ये, संस्थागत विकास, सेवा प्रवाह र सुशासन, सामाजिक विकास, र पूर्वाधार विकास शिर्षक भित्र मात्र लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा बजेट छुट्याईएको छ । उप-महानगरप(ालिकाको कुल बजेट रु १,६८,०३,८०,९९५ मध्ये रु. १,८४,३१,७८६ बजेट लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा छुट्याईएको छ । जुन कुल बजेटको जम्मा १.१% हो ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा छुट्याईएको बजेट:**



संस्थागत विकास,
सेवा प्रवाह र सुशासन

**रु. १,१०,९४,०००**



सामाजिक
विकास

**रु. ६८,८७,७८६**



पूर्वाधार
विकास

**रु. ४,५०,०००**

*नोट: संस्थागत विकास, सेवा प्रवाह र सुशासन शिर्षक भित्र अपांगता भएका व्यक्ति र सिमान्तकृत समुदायको आवश्यकता पहिचान र आवश्यक सामाग्री वितरण, तथ्यांक संकलन जस्ता कार्यक्रमहरु समावेश गरिएको छ । त्यसै गरेर, सामाजिक विकास शिर्षक भित्र सिप विकास तालिम, आत्मरक्षा तथा परामर्श तालिम, लैंगिक हिंसा विरुद्ध जनचेतना अभियान, छुवाछुत तथा बालविबाह विरुद्धका अभियान जस्ता कार्यक्रम समावेश गरिएको छ भने, लैंगिक समानता तथा सामाजिक समावेशिकरण अन्तरगत पूर्वाधार विकास भित्र भवन निर्माण तथा फर्निचर खरिद जस्ता उपशिर्षकहरु राखिएको छ ।*

*विस्तृत जानकारीका लागि तल दिईएको लिंक हेर्नुहोस्* https://dhangadhi.susasan.org/mun-detail/programmes

# हल्ला र तथ्य

**सुने अनुसार हरेक वर्ष चिसो बढेसँगै धनगढी उप-महानगरपालिकाले ज्येष्ठ नागरिकहरुलाई न्याने कपडा दिन्छ रे । के यो साँचो हो ?**



धनगढी उप-महानगरपालिकाले आर्थिक वर्ष २०७७/७८ को बजेटमै ज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा वितरण गर्न रु. १४,८५,८५४ छुट्याएकोछ । यो कार्यक्रम वडा नं. २, १०, ११, १४, १६ र १७ मा सञ्चालन हुनेछ । वडा नं. १०, १६ र १७ मा भने थप एकल महिला र आर्थिक रुपमा कमजोर व्यक्ति पनि यो कार्यक्रमबाट लाभान्वित हुनेछन् ।

Source: https://dhangadhi.susasan.org/mun-detail/programmes

**म मेरो श्रीमानबाटै हिंसामा परेकी छुँ । अब त पालिकाले नै यस्ता किसिमका मुद्दा हेर्छ रे । के मैले पालिकामै उजुरी दर्ता गर्न पाउँछु ?**

पलिकामा स्थापित न्यायिक समितिले अहिले हिंसा, कुटपिट, पति पत्नीको बिचको सम्बन्ध बिच्छेद, श्रीमान वा श्रीमती र छोराछोरीलाई आमद ईज्जत अनुसार खानलाउन नदिएको, आलिधुर जस्ता मुद्दाहरु हेर्दछ । तर, न्यायिक समितिले मेलमिलापको माध्यमबाट समस्या समाधान गर्दछ । हिंसामा परेको ३५ दिन भित्र न्यायिक समितिमा उजुरी गर्न सकिन्छ । आवश्यक परेमा समितिले पीडितको पक्षमा संरक्षणात्मक आदेश पनि दिन सक्नेछ । तर, न्यायिक समितिको निर्णयमा असन्तुष्ट पक्षले न्यायिक समितिको निर्णय भएको ३५ दिन भित्र जिल्ला अदालतमा उजुरी दिन सक्नेछन् ।

स्रोत : स्थानीय सरकार सञ्चालन ऐन, २०७४



**सरकारले हरेक पालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दैछ । यसमा महिलालाई कुनै प्राथमिकता छैन ?**



प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत पालिकाहरुमा छुट्टा छुट्टै कार्यक्रमहरु सञ्चालन हुँदैछन् । जस मध्ये "क्यास फर वर्क" र "युवा रुपान्तरणको लागि पहल" कार्यक्रम प्रमुख हुन । यस्ता कार्यक्रममा ६० % महिला सहभागितालाई सुनिश्चित गरिएको छ । जस मार्फत श्रमिकले दैनिक ज्यालादारी रु ५१७ प्राप्त गर्नेछन् । धनगढी उप-महानगरपालिकामा पनि यि कार्यक्रम सञ्चालनमा छन् । सो कार्यक्रममा उप-महानगरले महिला उद्यमशिलता कार्यक्रम पनि सञ्चालन गर्दैछ । दलित तथा सिमान्तकृत समुदायका महिला, एकल महिला र अपांगता भएका महिलालाई विशेष प्राथमिकतामा राखिएको छ । यि कार्यक्रम मार्फत महिलाले क्षमता विकास तालिम र स्वरोजगार सम्बन्धी तालिम प्राप्त गर्नेछन् । यि सबै कार्यक्रमहरु बजेट निकासा हुने वितिकै सञ्चालन गर्ने गरी धनगढी उप-महानगरपालिकाले तयारी गरेको छ ।

स्रोत : चन्द्र बहादुर महरा, रोजगार संयोजक, धनगढी उप-महानगरपालिका

accountabilitylab NEPAL

# कथा

## आत्मनिर्भर बनाउने कार्यक्रम सरकारले कहिले ल्याउँछ ?

मेरो जन्म धनगढी उप-महानगरपालिका वडा नं ५ मा भएको हो । म २२ वर्षको भएँ । मेरो परिवारमा आमा बुवा, २ जना दिदी र म गरी जम्मा ५ जना छौं । दुबै जना दिदीहरुको विवाह भइसकेको छ । म छोरा भएर जन्मिदा घरमा सबै जना खुशि हुनुहुन्थ्यो । म वस्तारै ठुलो हुँदै गएँ र मेरो स्वभावमा पनि परिवर्तन हुदै गयो । म छोरो भएर जन्मिए पनि मेरो स्वभाव छोरी मान्छेको जस्तै छ । मलाई सबैले छोरा भएर पनि कस्तो छोरी मान्छेको जस्तो व्यवहार गर्छ, छोरी जसरी बोल्छ, भन्छन् । मलाई विभिन्न उपनामले बोलाउने गर्छन, जुन म यहाँ भन्न सक्दैन । परिवार तथा समाजमा मलाई नराम्रो दृष्टिकोणले हेर्ने गर्दछन् । म कुनै मेला, पर्व, विवाह जस्ता समारोहमा गयो भने, त्यहाँ पनि मलाई अनेक उपनामले बोलाउदै जिस्काउने गरिन्छ ।

परिवारबाट बारम्बार विवाहको लागि दवाब आउने गर्दछ । अन्तरलिंगी (केटीसँग)विवाह गर भन्छन । तर, म समलिंगी भएका कारण केटा तर्फ आकर्षित हुन्छु । सुरुमा त मैले आफ्नो पहिचान लुकाएको थिएँ । सन् २०१७ मा काठमाण्डौंमा "मिस्टर गे ह्याण्डसम"को आयोजना भयो । त्यसमा मेले पनि भाग लिएँ र फष्ट रनरअपको उपाधि जिते । सञ्चार माध्यमहरुमा मेरो अन्तरवार्ता आयो । त्यसपछि सबैले म एक समलिंगी पुरुष हुँ भनेर चिने ।

मैले ६ वर्ष जती ब्लु डायमण्ड सोसाइटीमा काम गरेँ । प्रोजेक्ट सकिएपछि म बेरोजगार भएको दुई वर्ष भयो । काम गरिरहँदा त परिवारबाट त्यस्तो दवाव थिएन । तर, आजभोलि बेरोजगार हुँदा भने केही गर्दैन, कमाउदैन, साथीसंगत पनि त्यस्तै छ, अब त विवाह गर्ने पर्छ भनेर दवाव आउँछ । यसले गर्दा कहिलेकाहीं आफैलाई बोझ भएछु को जस्तो लाग्छ । मनमा अनेकौं किसिमको प्रश्नहरु आउँछन् ।




सरकारबाट पाउनुपर्ने प्रयाप्त सहयोग नपाउँदा मलाई निरास बनाएको छ । अहिले सामाजिक विकास मन्त्रालयबाट पहिलो पटक करिब १० लाख बजेट आएको छ । तर, आर्थिक वर्ष सुरु भएको ६ महिना बितिसक्दा पनि बजेट कार्यान्वयन भएको छैन । यदि बजेटको कार्यान्वयन समयमै हुनथ्यो भने, यसले हामीलाई सामाजिक बेथिती विरुद्ध आवाज उठाउन मद्दत गर्दथ्यो । तर, त्यो अहिलेलाई टाढाको सपना जस्तै भएको छ ।

*- बिरेन्द्र चौधरी*

# समुदायको प्रतिनिधी आवाज

## यमुना कुमारी भट्ट जोशी

*महिला सदस्य,*
*धनगढी उप-महानगरपालिका वडा नं. ७*



हाम्रो समाजमा अहिले पनि महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरीन्छ । जनप्रतिनिधीको रुपमा निर्वाचित भईसकेपछि मैले घर बाहिर महिलालाई काम गर्न कतिको गाह्रो छ भनेर महसुस गरिरहेकी छुँ । समुदायले अझैपनि हामीलाई विश्वास गर्दैन, न त हामिले छलफलहरुमा आफ्नो कुरा राख्न नै पाउँछौं । यदि हामीले बोलिहाले पनि पुरुष सदस्यले स्वीकार्दैनन् । कहिलेकाहीँ हामी कार्यक्रममा सहभागी भएर अबेर फर्किदा पनि घरमा हामीलाई थुप्रै प्रश्न सोधिन्छ । त्यसैले कहिलेकाहीँ महिला भएकोमा नै दुख लाग्छ र आफैलाई प्रश्न गर्छु, म किन जनप्रतिनिधी भएँ ? मैले चुनाव किन जितेँ ? सुरुको दुई वर्ष त जनप्रतिनिधी भएर काम गर्न अति नै सकस भयो । केही तालिम तथा कार्यशालामा सहभागी भईसकेपछि भने अहिले काम गर्न केही सहज हुनुका साथै आफ्ना कुराहरु राख्नसक्ने भएकी छुँ । अहिले म महिला अधिकारको पक्षमा काम गर्न कटिवद्ध छुँ । पहिले महिला तथा बालबालिकाको नाममा छुट्याईएको बजेट सडक निर्माण वा अन्य पूर्वाधार निर्माणमा खर्च गरिन्थ्यो, तर अहिले हामीले महिलाको लागि छुट्याएको बजेट महिलाकै लागि खर्च गर्ने वातावरण तय गरेकाछौं ।

## शारदा ताम्राकार

*महिला सदस्य*
*धनगढी उप-महानगरपालिका वडा नं. ९*



उसै पनि म महिला र त्यसमाथी म दलित समुदाय र अविवाहित भएका कारणले पनि मलाई काम गर्न गाह्रो भयो । म बिवाह गरेर अन्तै जान्छुहोला भनेर पनि मान्छेहरुले मलाई विश्वास गर्दैनन् । मलाई चुनाव लड्न टिकट पनि दिईएको थिइएन । तर, मलाई आफै प्रति विश्वास थियो, त्यसैले मैले चुनाव जितेँ । जनप्रतिनिधीको रुपमा निर्वाचित हुनुभन्दा पहिले म समुदाय स्तरका सामाजिक कृयाकलापमा सकृय थिएँ त्यसले गर्दा पनि मलाई सोही समुदायको लागि काम गर्न सहज भयो । मैले पुरुष वडा सदस्यहरुको पनि त्यतीकै सहयोग पाईरहेकी छुँ । हाम्रो समाजमा अझै पनि महिलाहरु घरको दायरा भन्दा बाहिर निस्कन सकेका छैनन् । महिलाहरु घरेलु हिंसाको सिकार भईरहेकाछन्, तर उनिहरु त्यसको विरुद्ध बोल्न सक्दैनन् । यस विरुद्ध आवाज उठाउन उनिहरुलाई बाहिर ल्याउन आवश्यक छ ।

CIVIC ACTION TEAMS



# DISCLAIMER

*यो अंकमा समेटिएका जानकारीहरु समुदायमा काम गरिरहेका स्वम्सेवक, अनलाईन माध्यममा उपलब्ध आधिकारिक स्रोत, सरकारी कार्यालय र अकाउन्टविलिटी ल्याब नेपालको फेलोसिप अन्तरगत काम गरिरहेको महिलाको समुहले विभिन्न व्यक्तिह( रुसँग विगत एक हप्तामा प्रत्यक्ष तथा अप्रत्यक्ष गरेको कुराकानीका् आधारमा संकलन गरिएकाहुन् । विषयको महत्व, सान्दर्भिकता र यसले धनगढी उप-महानगरपालिकामा पार्न सक्ने सकारात्मक प्रभावलाई ध्यान दिएर प्रस्तुत विषयवस्तु छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।*

**“Gov-her-nance” अकाउन्टविलिटी ल्याब नेपालले धनगढी उपमहानगरपालिकासँगको सहकार्य र CFLI को सहयोगमा तयार गरिएको हो ।**

accountabilitylab NEPAL

DHANGADHI SUB-METROPOLITAN CITY

Activity supported by the Canada Fund for Local Initiatives

Activité réalisée avec l'appui du Fonds canadien d'initiatives locales

Canada

@CivicActionTeams @CivActs @civacts

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219